बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# आयुर्वेद तथा वैकल्पिक चिकित्सालय

मन्थली, रामेछाप, नेपाल

## करार सेवामा लिने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८१/०४/०४**

यस चिकित्सालयको स्वीकृत दरबन्दीमा लोक सेवा आयोगबाट पदपूर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई/सरुवा भई आएमा वा अन्य व्यवस्था भएमा स्वतः नरहने गरी देहाय बमोजिमको पदमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा राखु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र कार्यालय समय भित्र राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

देहायः

| क्र.सं. | पद नाम | तह | सेवा/समुह | माग संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | आयुर्वेद चिकित्सक | ८ | स्वास्थ्य/आयुर्वेद | १ | आयुर्वेद चिकित्सा विषयमा स्नातक तह उतीर्ण |
| २. | फिजियोथेरापिष्ट | ७ | स्वास्थ्य/फिजियोथेरापी | १ | फिजियोथेरापी विषयमा स्नातक तह उतीर्ण |
| ३. | अकुपंचर सहायक | ५ | स्वास्थ्य/अकुपंचर | १ | अकुपंचर विषयमा प्रवीणता प्रमाणपत्र तह उतीर्ण |
| ४. | फार्मेसी सहायक | ५ | स्वास्थ्य/आयुर्वेद फार्मेसी | १ | आयुर्वेद फार्मेसी विषयमा प्रवीणता प्रमाणपत्र तह उतीर्ण |
| ५. | वैद्य/कविराज | ५ | स्वास्थ्य/आयुर्वेद | २ | आयुर्वेद चिकित्सा विषयमा प्रवीणता प्रमाणपत्र तह उतीर्ण |

१. योग्यता र अनुभवः
   - क. नेपाली नागरिक,
   - ख. सहायक तहको लागि १८ बर्ष र अधिकृत तहको लागि २१ बर्ष उमेर पुरा भएको,
   - ग. सम्बन्धित काउन्सिलमा दर्ता भएको (स्थायी वा अस्थायी प्रमाणपत्र),
   - घ. स्वास्थ्य क्षेत्रमा अनुभव हासिल गरेको भए सोको प्रमाणपत्र,
   - ङ. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको,
   - च. दरखास्तमा संलग्न गर्नुपर्नेः ब्यक्तिगत बिवरण, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, प्रचलित कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।
   - छ. छनोट प्रक्रियाः लिखित परीक्षा वा अन्तर्वार्ता वा शैक्षिक योग्यता प्रक्रिया ।

२. दरखास्त यस कार्यालयको ईमेल ठेगाना p3mosd.dahcramechhap@gmail.com मार्फत समेत पठाउन सकिनेछ ।

३. दरखास्त फारम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको बिस्तृत बिवरण र थप जानकारी यस चिकित्सालय तथा यस चिकित्सालयको वेवसाईट www.dahcramechhap.bagamati.gov.np बाट उपलब्ध हुनेछ ।

छनौट तथा सिफारिस समिति

आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, रामेछाप

४. ईमेल मार्फत आवेदन दिँदा दरखास्त फारम, दरखास्त दस्तुर तिरेको भौचर तथा माथि उल्लेख गरिएका सबै कागजातहरु Scan गरी पठाउनुपर्नेछ र परीक्षाका लागि उपस्थित हुँदा उपरोक्त कागजातका सक्कल प्रति (Hard Copy) चिकित्सालयलाई बुझाउनुपर्नेछ ।

५. दरखास्त फारम यस चिकित्सालयको वेवसाईट www.dahcramechhap.bagamati.gov.np बाट Download गर्न सकिनेछ ।

६. दरखास्त दस्तुरः सहायक तहको हकमा रु. ७००/- (अक्षेरुपी रु. सात सय रुपैंया मात्र) र अधिकृत तहको हकमा रु. १,२००/- (अक्षेरुपी रु. एक हजार दुई सय रुपैंया मात्र ) । दरखास्त दस्तुर राष्ट्रिय बाणिज्य बैंक को खाता नं १०००२०००१०००० मा कार्यालय कोड ३७००१२४१५३ उल्लेख गरी राजश्व शीर्षक नं १४२२४ मा जम्मा गर्नुपर्नेछ । भरिएको भौचरको नमुना यस चिकित्सालयको वेवसाईटमा उपलब्ध गराईएको छ ।

७. कार्यबिवरणः तोकिए बमोजिम हुनेछ ।

८. पारिश्रमिकः सम्बन्धित पद तथा तहको शुरु तलब स्केल बराबर हुनेछ ।

९. सेवाका शर्तहरुः तोकिए बमोजिम हुनेछ ।

१०. दरखास्त दिने अन्तिम मितिः २०८१/०४/१८ र सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा सो पश्चात कार्यालय खुल्ने दिन कार्यालय समय सम्म रहनेछ ।

११. रीत नपुगी तथा निर्धारित मिति भन्दा ढिलो पर्न गएका आवेदन उपर कारवाही हुने छैन ।

१२. परीक्षाको तालिका आवेदन दिने अन्तिम मितिको भोलिपल्ट वा सो पश्चात कार्यालय खुल्ने दिन प्रकाशन गरिनेछ ।

१३. थप जानकारीका लागि फोन नं ०४८-५४०१४३, ९८६३०२३४२२ र ९८५४०२१३६९ मा सम्पर्क गर्न सकिनेछ ।

छनौट तथा सिफारिस समिति
आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, रामेछाप